# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली, सुदुर पश्चिम प्रदेश,नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राजश्व ०७७।०७८
च.नं.

**विषय :-सार्वजनिक सवारी साधन पार्किङ्ग शुल्क संकलन कार्य ठेक्कामा दिने सम्बन्धि सिलवन्दि वोलपत्र आव्हानको सूचना । प्रथम पटक प्रकाशित मिति:२०७७।८।११**

यस धनगढी उप-महानगरपालिकाको स्वामित्वमा रहेको बस पार्क र कुनै पनि चलानी नलिई धनगढी चौराहा क्षेत्रबाट छुटेका सार्वजनिक यातायातका यात्रु बाहक सवारी साधनहरूको पार्किङ्ग शुल्क एंबम बसपार्क टर्मिनल भवनको भुई तल्ला समेत ठेक्कामा लगाउन स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ९ को दफा ६० बमोजिम एक बर्षका लागि सिलबन्दि बोलपत्रको माध्यम द्धारा ठेक्कामा लगाउनु पर्ने भएकोले बिशेष अवस्थामा ठेक्का समयलाई मध्यनजर गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त कार्य ठेक्कामा लिन चाहने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिलका शर्तहरूको अधिनमा रही ठेक्का भोगचलनको लागि सिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलका शर्तहरू</u>

१। न्यूनतम ठेक्का अंक रू ४३,००,०००। (त्रिचालीस लाख मात्र ) कायम गरिएको छ ।

२। वोलपत्र फाराम कार्यालय समयभित्र राजश्व शाखाबाट वा यस कार्यालयको रा.बा.बैको खाता न. ४१७००३०१०१०००२ मा नगद जम्मा गरी (रू ३०००। फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ

३। वोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र खरिद गरिसक्नु पर्नेछ । वोलपत्र ८ औ दिनको १२.०० वजे भित्र कार्यालयमा पेश गरिसक्नु पर्नेछ । वोलपत्र ८ औ दिनको २.०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

४। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगत्तै कार्यालय खुलेको दिन सोही समयमा काम हुने छ ।

५। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७००३०३००००००२ मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

६। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

७। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

जगन्नाथ पन्त
प्रमुख प्रशासकीय अधिकृत
(सह सचिव)

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली, सुदुर पश्चिम प्रदेश,नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी,कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राजश्व ०७७।०७८
च.नं.

८। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९। यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१०। उक्त स्थानमा प्रयोग भएको बिधुत महशुल स्वयं ठेकेदारले नै नेपाल विधुत प्राधिकरणमा बुझाई न.पा.लाई जानकारी दिनु पर्नेछ ।

११। बसपार्क हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा ठेक्का हुनेछ ।

१२। यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको र म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१३। यो सूचना यस कार्यालयको सूचना पाटी, बसपार्कको सूचना पाटी र वेभसाईट www.dhangadhimun.gov.np मा समेत राखिएको छ ।

१४। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र राजश्व शाखाको फोन न. ०९१५२१३२९ मा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

**जगन्नाथ पन्त**
प्रमुख प्रशासकीय अधिकृत
(सह सचिव)